श्री

# सप्तरी जिल्ला अदालत

## सवारी साधन लिलाम विक्री गर्ने सम्बन्धी जरुरी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०७५।१०।९

विभिन्न मुद्दाहरुमा दशी स्वरुप दाखिला हुन आई यस अदालतमा जिन्सीमा आम्दानी बाधिएका र नबाँधिएका निम्न सवारी साधन मोटर साइकलहरु फिर्ताको लागि सूचना प्रकाशित गर्दा समेत सो सूचनाको अवधिमा कसैले सवारी साधन फिर्ता बुझिलिन नआएकाले जे जस्तो अवस्थामा छन सोहि अवस्थामा साविक जिल्ला अदालत नियमावली, २०५२ को नियम ९० क र ख , जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ (९) तथा आर्थिक कार्यविधि नियमावली, २०६४ समेत बमोजिम न्यनतम मूल्यमा नघटने गरी डाक बढाबढबाट एकमुस्ट लिलाम विक्री गरिने भएकोले यस अदालतको मिति २०७४।९।१३ को निर्णय र मिति २०७५।१०।६ को मुल्याँकन समितिको निर्णय अनुसार तपसिल बमोजिमका सवारी साधनहरु मिति २०७५ साल फागुन १ गते लिलाम हुने भएकोले लिलाम सकार गर्न इक्छुक नेपाली नागरिक तथा फर्महरुवाट डाक बढाबढको लागि सिलबन्दी बोलपत्र आव्हान् गरिएको व्यहोरा सम्बन्धित सबैका जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

| सि. नं. | जिन्सी नं. | वादी/ प्रतिवादी | मुद्दा | जिन्सी समानको विवरण | संख्या | मोडल नं./इन्जिन नं./ चेसिस नं. | न्यूनतम मुल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ६१ | नेपाल सरकार वि. चन्द्र ना. चौधरी समेत | लागु औषध | स.४ प.४४५४ | १ | मोडल -पल्सर २२० निलो<br>इन्जीन- नं.JCGBPMO7910<br>चेसिस नं.-MD2DHJCZZPCMO5912 | १७५००/- | |
| २ | | | | स.३प.३३२ | १ | मोडेल नं. वजाज पलाटिना निलो<br>इन्जीन नं. DUMBPA70709<br>चेसिस नं.- MD2DDD777PWA32459 | ७५००/- | |
| ३ | | | | को ५ प ४०६४ | १ | मोडेल नं. हिरो होण्डा स्पलेण्डर<br>इन्जीन नं. HA12ED89MOO221<br>चेसिस नं.- MBLHA12EH89MOO655 | २००००/- | |
| ४ | | | | स.२प. ३९२० | १ | मोडेल नं. हिरो होण्डा पहेलो<br>इन्जिन नं.-03F60M03246<br>चेसिस नं.-03F62C03679 | ७५००/- | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ६७ | नेपाल सरकार वि.हरी ना. मंडल समेत | मोटर साइकल चोरी | को ४प ६१८५ | १ | मोडेल नं. हिरो होण्डा प्यासन कालो<br>इन्जीन नं. HA10ECB9C03484<br>चेसिस नं.-MBLHA10EUB9C03397 | १५०००/- | |
| ६ | ३० | नेपाल सरकार वि.असोक कुमार यादव स | लागु औषध | स २ प ९५३५ | १ | मोडेल नं. हिरो होण्डा ग्लामर कालो+ निलो<br>इन्जीन नं.07CASM03694<br>चेसिस नं.-07CAWCO3931 | १५०००/- | |
| ७ | ४ | नेपाल सरकार वि.सन्तोष कुमार साह स. | अपहरण तथा शरिर बन्धक | स३प ५०० | १ | मोडेल नं. यमहा लिबेरो कालो<br>इन्जीन नं.5TS5017572<br>चेसिस नं.-06A5T55017572 | १००००/- | |
| ८ | ५३ | नेपाल सरकार वि. अब्दुल राउफ समेत | कर्तव्य ज्यान | स३प ५३०५ | १ | मोडेल नं. LML फ्रिडम कालो<br>इन्जीन नं.E55KL364983<br>चेसिस नं.-C7KL380712 | ५०००/- | पुन: प्रयोग नहुने |
| ९ | | | | ज१प ४२७१ | १ | मोडेल नं. हिरो होण्डा स्पलेण्डर<br>इन्जीन नं.CIOE526497<br>चेसिस नं.-01A20F20822 | ९०००/- | पुन: प्रयोग नहुने |
| १० | ८९ | नेपाल सरकार वि.गणेश कुमार साह | लागु औषध | स३प ३६९० | १ | मोडेल नं. हिरो होण्डा स्पलेण्डर<br>इन्जीन नं.06CACE14661<br>चेसिस नं.-06CACF14548 | ११५००/- | |
| ११ | ९० | नेपाल सरकार वि.शम्भु साह स. | जबरजस्ती करणी | स२प ६२५२ | १ | मोडेल नं. बजाज पल्सर १३५<br>इन्जीन नं.JEGBTA90685<br>चेसिस नं.-MD2JDJDZZTCA89844 | ११०००/- | |
| १२ | ९३ | नेपाल सरकार वि. विनोद कु. साह समेत | लागुऔषध | को ६ प २८२२ | १ | मोडेल नं. यमहा लिबेरो सिल्भर +ब्लाक<br>इन्जीन नं.5TSDO14761<br>चेसिस नं.-ME15TSOD282014679 | १००००/- | |
| १३ | १०७ | नेपाल सरकार वि. सोनु कुमार प्रधान | लागुऔषध | को १० प ६९८४ | १ | मोडेल नं. बजाज प्लाटिना विन सल्भर<br>इन्जीन नं.DPMBLA 07914<br>चेसिस नं.-DPFBLA07779 | १००००/- | |
| १४ | १०८ | नेपाल सरकार वि.गणेश पासवान समेत | लागुऔषध | ज४प१४३ | १ | मोडेल नं. यमहा ग्लाडिएटर कालो<br>इन्जीन नं.35B4019096<br>चेसिस नं.-ME135B042B2019096 | २१०००/- | |
| १५ | ११५ | नेपाल सरकार वि अशोक कुमार यादव समेत | कर्तव्य ज्यान | ना २५ प २२३८ | 1 | मोडेल नं. होण्डा ड्रिमयुगा कालो<br>इन्जीन नं.JC58E81242014<br>चेसिस नं.-ME4JC583CD8243491 | ५५०००/- | |
| १६ | १२३ | नेपाल सरकार वि दिपेन्द्र यादव | लागुऔषध | स १ प ४८६७ | १ | मोडेल नं. बजाज च्यामपियन रातो<br>इन्जीन नं.31M96E90628<br>चेसिस नं.-31F96E86475 | ५००/- | पुन: प्रयोग नहुने |
| १७ | १५ | नेपाल सरकार वि महानन्द यादव समेत | अपहरण तथा शरिर बन्धक | को ३ प २३ | १ | मोडेल नं. हिरो होण्डा निलो<br>इन्जीन नं.03E18E18495<br>चेसिस नं.-03E20F19778 | १००००/- | |
| १८ | ३५ | नेपाल सरकार वि भोलेन्द्र यादव | अपहरण तथा शरिर बन्धक | स २ प ९२२ | १ | मोडेल नं. बजाज ब्राउन<br>इन्जीन नं.30Eo27369<br>चेसिस नं.-नबुझिने | ५००/- | पुन: प्रयोग नहुने |
| | | | | | | जम्मा: रू. | २,२८,०००।- | |

१.बोलपत्र खोलिने समय र स्थान २०७५ साल फागुन १ गते दिउसो ४.०० देखी ५.०० बजे सम्म यस अदालतको तहसिल शाखा। सो दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलि पल्ट सोहि समय र स्थानमा हुनेछ।

२. लिलाममा सहभागी हुन चाहने व्यक्ति वा फर्मले मिति २०७५।१०।२९ गते १:00 बजे सम्ममा नेपाली नागरिकताको प्रमाण पत्र फर्म भए कर चुक्ताको प्रमाण पत्र र नविकरण सहितको फर्म दर्ता प्रमाणको प्रतिलिपी सहित राखी निवेदन दस्तुर रु १०००/- फिर्ता नहुनेगरी यस अदालतको आर्थिक प्रशासन शाखामा बुझाई निवेदन फाराम खरिद गर्न सकिनेछ ।

३. खरिद गरिएका बोलपत्र फारामहरू (निवेदनहरू) मिति २०७५।१०।२९ गते दिनको ३.०० बजेसम्ममा निवेदन दर्ता गराई सक्नु पर्नेछ । सो समय नाघि निवेदन दर्ता गराउन ल्याउने व्यक्ति वा फर्मको निवेदन दर्ता गरिने छैन ।

४. लिलाममा आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकम कोष तथा लेखा नियन्त्रक कार्यालय सप्तरीको रा.वा. बैंक राजबिराज शाखामा रहेको धरौटी खाता नं. २१८०२०३ मा जम्मा गरी सो को सक्कलै भौचर साथै राखी पेश गर्नु पर्नेछ । लिलाम सम्पन हुदाँ सब भन्दा बढी अंक कबोल गर्ने व्यक्ति वा फर्म वाहेक अन्यको धरोटी रकम फिर्ता गरिनेछ।

५. डाक सकार गरि लिनेले सात दिन भित्र वाकी रकम र लिलाम सकार गरेको अंकको १३ प्रतिशत मुल्य अभिवृदि कर समेत दाखिला गरी १५ दिनभित्र जो जुन अवस्थामा छ सोही अवस्थामा सवारी साधन उठाइ लैजानुपर्नेछ। सात दिन भित्र आफूले कबोल गरेको रकम दाखिला नगरेमा राखेको १० प्रतिशत रकम कानुन बमोजिम जफत गरिनेछ र पुन:डाक लिलामको सुचना प्रकाशित गरिनेछ ।

६. लिलाम सकार गरेको सवारी साधन दर्ता गराउने दायित्व डाक सकार गर्नेको हुनेछ । र दर्ता हुने सवारी साधनहरुको प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर वा शुल्क डाक सकार गर्नेले व्यहोर्नुपर्नेछ।

७. पुन: प्रयोग नहुने भनिएका सवारी साधन दर्ता हुनेछैनन् ।

८. लिलाम हुने सवारी साधन हेर्न चाहेमा वा यस सम्बन्धि थप कुरा बुझ्नुपरे कार्यलाय समय भित्र यस अदालतको तहसिल शाखामा सम्पर्क गर्न सकिनेछ।

९. फिर्ता हुने ठहरेका सवारी साधन सवारीधनीले फिर्ता लगेमा सो कटाई वाकी सवारी साधन मात्र लिलाम गरिनेछ ।

१०. कुनै पनि शर्त राखी लिलाममा सहभागि हुन पाइने छैन ।

१२. लिलाम सम्बन्धि सम्पुर्ण अधिकार यस अदालतमा निहित रहनेछ।

१२.लिलाम हुने सवारी साधनहरु प्रचलित नेपाल कानून बमोजिम नेपाल सरकारको नियम विपरित नहुने गरि मात्र प्रयोग गर्न पाइनेछ ।